**राष्ट्रिय योजना आयोगको सचिवालय**
**प्रेस विज्ञप्ती**
**२०७४ वैशाख २०, बुधवार**

सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूको अध्यक्षतामा समितिको उनन्चालीसौं बैठक बस्यो । उक्त बैठकमा चालू आर्थिक बर्ष २०७३/७४ मा सञ्चालित विकास कार्यक्रम तथा आयोजनाहरुको दोस्रो चौमासिक अवधिसम्मको प्रगति स्थिति र कार्यान्वयनमा देखापरेका तथा मन्त्रालयस्तरबाट समाधान हुन नसकेका समस्याहरु निराकरण गर्ने बारेमा बिस्तृत छलफल भयो । बैठकमा विगतमा राष्ट्रिय विकास समस्या समाधान समितिबाट भएका निर्णयहरुको कार्यान्वयन प्रगति बारेमा समेत समीक्षा गरियो ।

**उक्त बैठकमा गरिएका निर्णयहरु निम्नानुसार रहेका छन् :**

स्वदेशमै रासायनिक मल उत्पादन कारखाना स्थापनासम्बन्धी गृहकार्य दुई महिनाभित्र अघि बढाउने, निजगढमा प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्बन्धमा उपयुक्त मोडालिटि अपनाई निर्माण कार्य दुई महिनाभित्र अघि बढाउने, शहरी क्षेत्रभित्र सडक निर्माण गर्दाकै अबस्थामा सडक किनारामा दूरसञ्चार, विद्युतलगायतका सेवा उपलब्ध गराउने प्रयोजनका लागि सम्बन्धित सेवा प्रदायक निकायबाटै लागत बेहोर्ने गरी Utility Duct राख्ने व्यवस्था मिलाउने, रोजगारमुखी शिक्षाको अवसर विस्तार गर्ने उद्देश्यले प्राविधिक धार तर्फका कृषि विज्ञान, पशु विज्ञान, सिभिल इञ्जिनियरिङ, कम्प्यूटर र इलेक्ट्रिकल कार्यक्रम सञ्चालनमा रहेका विद्यालयहरुमा पठनपाठन गराउनका लागि अत्यावश्यक प्रशिक्षक र सहायक प्रशिक्षकको व्यवस्था गर्ने । स्वास्थ्य संस्थाका भवन निर्माणका लागि आवश्यक मापदण्ड बमोजिमको जग्गा वन, सार्वजनिक पर्ति तथा स्थानीय तहमार्फत उपलब्ध गराउने, सन् २०१९ मा आयोजना गरिने १३ औं दक्षिण एशियाली खेलकूद प्रतियोगिताको संचालनका लागि दुई महिनाभित्र कार्ययोजना बनाई अघि बढ्ने, खानेपानी, सिंचाइ, कृषिजन्य, वनजन्य र पशुजन्य उद्योगहरुमा विद्युतको डिमान्ड शुल्क मिनाहा गर्न, डेडिकेटेड फिडर राख्न वा अनुदान उपलब्ध गराउनका लागि कार्यदल गठन गरी दुई महिनाभित्र प्रतिवेदन पेश गर्न लगाउने ।

स्वदेशमै उत्पादन सम्भावना भएका वस्तुको उत्पादन, उत्पादकत्व र त्यस्ता बस्तुको उपयोग वृद्धि गरी आयात प्रतिस्थापन गर्नका लागि सम्बन्धित मन्त्रालय तथा निकायले त्यस्ता वस्तुको उत्पादन वृद्धि गर्ने कार्यक्रम आगामी आ.व.मा समावेस गरी कार्यान्वयन गर्ने, बैंक, सूचना प्रविधि र सडक सन्जाल नपुगेका गाउँपालिका तथा नगरपालिकामा यस्ता पूर्वाधार तथा सेवाको पहूँचका लागि सम्बन्धित मन्त्रालयले दुई महिनाभित्र कार्यक्रम राखी कार्यान्वयन गर्ने र संघीयता अनुरुप प्रशासनिक पुनःसंरचना समयमै गर्न संघ, प्रदेश र स्थानीय तहमा जनशक्ति व्यवस्थापन र वित्तीय हस्तान्तरण गर्ने सम्बन्धमा (क) स्वीकृत कार्य विस्तृतीकरण अनुरुप संघ, प्रदेश र स्थानीय तहमा रहने संगठन एकिन गरी सो अनुसार १५ दिन भित्र पुनःसंरचना गर्ने, (ख) विषयगत मन्त्रालयहरुले प्रदेश तथा स्थानीय तहका लागि स्रोतसहित जनशक्ति हस्तान्तरण गर्ने गरी एक महिनाभित्र कार्ययोजना बनाई कार्यान्वयन गर्ने, (ग) राष्ट्रिय योजना आयोगबाट तयार भएको २०७४/७५ को बजेटलाई संघीयता अनुरुप पुनःसंरचना तथा वित्तीय हस्तान्तरणसम्बन्धी मार्गदर्शनलाई ५ दिन भित्र अन्तिम रुप दिइ त्यसै अनुसार आगामी आ.व.को बजेट तयार गर्ने ।

**बैठकमा सम्माननीय प्रधानमन्त्री एवम् समितिका अध्यक्षज्यूबाट देहाय बमोजिम निर्देशन भएको थियो :**

वर्तमान सरकारले नेपालको संविधान कार्यान्वयनको प्रमुख कडीका रुपमा रहेको स्थानीयतहको निर्वाचन सबैको सहभागितामा स्वतन्त्र, स्वच्छ, भयरहित र सुरक्षित रुपमा सम्पन्न गराउनेतर्फ

आफ्नो ध्यानकेन्द्रित गरिरहेको छ । स्थानीयतहको निर्वाचनपछि संविधानले अपेक्षा गरे अनुरुप स्थानीय स्तरको सेवाप्रवाहमा सुधार हुनुका साथै विकास निर्माणका कार्यहरुमा थप गतिशीलता आउने छ। त्यसैले यो निर्वाचनलाई सफल गराउन सबै राजनीतिक दल, नागरिक समाज, कर्मचारीतन्त्र तथा सुरक्षा निकाय सबैको सहयोग र सक्रियता अपेक्षित छ ।

निर्वाचनमा ध्यान केन्द्रित गर्दागर्दै पनि सरकारले भूकम्प पछिको पुनः निर्माण लगायत विकास कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउँदै आर्थिक सामाजिक समृद्धि हासिल गर्ने विषयलाई उत्तिकै प्राथमिकतामा राखेको छ।

सरकारका विभिन्न प्रयासहरुको फलस्वरुप यस वर्ष अर्थतन्त्रका समष्टिगत परिसूचकहरुमा उत्साहजनक सुधार देखिएका छन् । यस वर्ष ६.५ प्रतिशतको आर्थिक वृद्धिदर रहने अनुमान गरिएकोमा यो वृद्धिदर ७ प्रतिशतको हाराहारीमा पुग्ने अनुमान छ भने मुद्रास्फीति दर ७.५ प्रतिशतमा रहने अपेक्षा रहेकोमा सो भन्दा तलै रहने स्थितिले मलाई निकै गौरवान्वित तुल्याएको छ । तर, आर्थिक वर्ष शुरु हुनुभन्दा ४५ दिन अगावै बजेट ल्याउँदा समेत अन्य प्रक्रिया पहिले कै अभ्यास अनुसार अघि बढेकोले पूँजीगत खर्चमा केही सुधार आएको देखिए तापनि बाँकी अवधिमा यसमा अझ सुधार गर्नु आवश्यक छ ।

भूकम्पपछिको पुनर्निर्माणले विगतका तुलनामा केही गति लिएको देखिए तापनि नतिजाका दृष्टिले खासै सुधार भएको नदेखिएकोले विधि र प्रक्रियालाई सरलीकरण गर्ने, निकायगत समन्वय अभिवृद्धि गर्ने र पुनःनिर्माण कार्यलाई थप गति दिन सम्वद्ध मन्त्रीहरु र प्राधिकरणका पदाधिकारीहरुलाई निर्देशन दिन्छु ।

राष्ट्रिय गौरबका आयोजनाहरुमध्ये पश्चिम सेती जलविद्युत आयोजना र निजगढस्थित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका सम्बन्धमा अझै पनि मोडालिटि निर्धारण हुन नसकेकोले एक महिनाभित्र कार्यान्वयन मोडिलिटि निर्धारण गर्न पुनः निर्देशन दिन्छु ।

राष्ट्रिय गौरबका आयोजनामा समावेश हुनका लागि आवश्यक आधारहरु र त्यस्ता आयोजनाहरुले पाउने विशेष प्राथमिकता तथा सुविधा सम्बन्धमा तयार गरिएको मस्यौदा प्रस्तावलाई राष्ट्रिय योजना आयोगले यथाशीघ्र टुंग्याउन निर्देशन दिन्छु ।

संबिधान अनुसार संघ, प्रदेश र स्थानीय तहमा रहने अधिकारको विश्लेषण गरी तयार गरिएको कार्य विस्तृतीकरणलाई सरकारले स्वीकृत गरिसकेकाले त्यस अनुरुप वर्तमान संगठनको पुनःसंरचना र जनशक्ति समायोजनको कार्यलाई चाँडै टुंग्याउने निर्देशन दिन्छु ।

हाम्रो परम्परागत एकात्मक ढाँचाको योजना तथा बजेट पद्धतिलाई संघीय ढाँचामा रुपान्तरण गरी तीन तहको सरकारबाट संचालन हुने कार्यलाई आवश्यक पर्ने साधन स्रोतको न्यायोचित बाँडफाँट र हाल कार्यान्वयनमा रहेका विकास कार्यक्रम तथा आयोजनाहरुलाई पनि संघ, प्रदेश र स्थानीय तहबाट संचालन हुने व्यवस्था मिलाउन मन्त्रालयहरुले यथाशीघ्र गृहकार्य गर्न जरुरी छ ।

बैठकमा माननीय उप प्रधानमन्त्री, माननीय मन्त्रीहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, माननीय राज्यमन्त्रीहरु, नेपाल सरकारका मुख्य सचिव, राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरु, नेपाल राष्ट्र बैंकका गभर्नर तथा नेपाल सरकारका सचिवहरुको उपस्थिती रहेको थियो ।

(तुलसी प्रसाद गौतम)
राष्ट्रिय योजना आयोगको सचिवालय